**सम्बत् २०७५ साल असोज २८ गते आइतबारका दिन १०.३० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकबाट भएका निर्णयहरुको मुख्य ब्यहोरा देहायबमोजिम रहेको छ -**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- तथ्याङ्कीय अन्वेषण समितिको छैठौं सत्रमा सहभागी हुन राष्ट्रिय योजना आयोगका मा. सदस्य डा. रामकुमार फुयाँललाई स्वीकृति दिने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -माननीय महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेलको Georgia भ्रमण स्वीकृत गर्ने ।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -अन्तर सरकार समन्वय सम्बन्धी विधेयकको तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने ।

४. अर्थ मन्त्रालय-माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालको अमेरिका भ्रमण स्वीकृत गर्ने ।

५. अर्थ मन्त्रालय- राष्ट्रसेवक कर्मचारीहरूको सावधिक जीवन बीमा सञ्चालन कार्यविधि, २०७५ मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने ।

६. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय- कोटेश्वर तीनकुने, काठमाडौंमा रहेको साविक काठमाडौं जिल्ला कोटेश्वर पञ्चायत वडा नं ३ (क) कित्ता नं २७७, २७८ हाल काठमाडौं महानगरपालिका वडा नं. १० तीनकुने स्थित कित्ता नं १६, २३२, १७ र २३० मध्ये वेल नं १० रहेको १ रोपनी क्षेत्रफलको जग्गामा खानी तथा भूगर्भ विभागलाई drilling कार्य गर्न जग्गा प्रप्ति ऐन, २०३४ को दफा ३ अनुसार मुआब्जा दिने गरी जग्गा प्राप्त गर्ने ।

७. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - विशेष आर्थिक क्षेत्र ऐन, २०७३ बमोजिम गठन भएको विशेष आर्थिक क्षेत्र प्राधिकरणको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संघमा कायम राख्ने ।

८. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय-

क) औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन, २०५३ बमोजिम गठन भएको औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको केन्द्रीय कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी छरितो बनाई संघमा कायम राख्ने ।

(ख) प्रतिष्ठान अन्तर्गत प्रदेश नं.३ र गण्डकी प्रदेशमा रहेका कार्यालय, बजेट, कार्यक्रम तथा जनशक्तिलाई सम्वन्धित प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत रहने गरी हस्तान्तरण गर्ने ।

(ग) प्रतिष्ठानअन्तर्गत प्रदेश नं. ५ को नेपालगञ्ज कार्यालय बजेट, कार्यक्रम तथा जनशक्तिसहित सम्बन्धित प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयअन्तर्गत रहने गरी हस्तान्तरण गर्ने र बुटवल कार्यालयको बजेट, कार्यक्रम तथा जनशक्तिलाई प्रदेश नं. १ मा स्थानान्तरण गरी सम्बन्धित प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयअन्तर्गत रहने गरी हस्तान्तरण गर्ने ।

(घ) प्रदेश नं. २, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा आवश्यकताअनुसार संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी औद्योगिक व्यवसाय विकास प्रतिष्ठानअन्तर्गतको कार्यालय स्थापना गर्ने र प्रतिष्ठानको केन्द्रीय कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण हुँदा बढी हुने कर्मचारीहरूलाई यसरी स्थापना हुने कार्यालयमा खटाउने व्यवस्था उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले मिलाउने ।

९. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय- भूमिगत जलश्रोत विकास समितिका कार्यकारी निर्देशक पदमा नवलपरासी जिल्ला, सुनवल - ४ निवासी श्री गोपीराम ज्ञवालीलाई नियुक्त गर्ने ।

१०. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय-सचिव डा. संजय शर्मालाई भारतमा हुने कार्यक्रममा भाग लिन स्वीकृति दिने ।

११. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय- बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग नेपालकोअस्थायी दरवन्दी स्वीकृत गर्ने ।

१२. सर गृह मन्त्रालय-सरकारी, सार्वजनिक, गुठी र सरकारद्धारा अधिग्रहण तथा जफत गरिएका जग्गाहरूको हिनामिना सम्बन्धी छानविन गर्न गठित समितिको म्याद ०७५।०६।२७ देखि २०७५।०८।२६ सम्म थप गर्ने।

१३. गृह मन्त्रालय — कास्की, रौतहट, बर्दिया र अछाम जिल्लामा घटित घटनाका पिडितहरु वा निजका परिवारलाई देहाय अनुसार राहत स्वरुप आर्थिक सहायता उपलव्ध गराउने।

क) कास्की जिल्लामा बलात्कार पछि हत्या भएकी मृतक श्रेया वि.क को परिवारलाई रु. ५,०००००।–(पाँच लाख) ।

ख) रौतहट जिल्लामा एसिड आक्रमणबाट मृत्यु भएकी सम्झना दास तथा घाइते सुस्मिता दासको परिवारलाई रु. ५,०००००।–(पाँच लाख) ।

ग) बर्दिया जिल्लाको प्रहरी नियन्त्रणमा रहेका र उपचार रहेकै अवस्थामा त्रि.वि. शिक्षण अस्पताल महाराजगंजमा मिति २०७५/०५/१५ गते मृत्यु भएका राम मनोहर यादवको आश्रित परिवारलाई आर्थिक राहत स्वरुप रु. १०,०००००।- (दश लाख) ।

घ) अछाम जिल्ला साँफेबगर न.पा.-४ का सुरत बहादुर कुँवरका छोरा घाईते अरविन कुँवरलाई अस्पतालमा उपचार गर्न आउँदा/जाँदा र उपचार गराउँदा लागेको वील बमोजिमको खर्च ।

१४. गृह मन्त्रालय —सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयबा निलम्बित प्रहरी नायब महानिरीक्षक अरबिन्द धितालालाई सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयमा विशेष दरबन्दि सिर्जना गरी राखे र रिक्त हुने सशस्त्र प्रहरी नायव महानिरिक्षक पद-१(एक) मा नियमानुसार बढुवा गर्ने ।

१५. परराष्ट्र मन्त्रालय- नेपाल र समाजवादी गणतन्त्र भियतनाम सरकारबीच दुवै देशका कूटनीतिक तथा सरकारी राहदानीबाहकहरूलाई प्रवेशाज्ञा छुट (Exemption on Visa Requirements) दिने सम्बन्धी सम्झौतापत्रमा समकक्षी मिलाई हस्ताक्षर गर्न अख्तियारी प्रदान गर्ने ।

१६. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गत सञ्चालन हुने आयोजना र कार्यक्रमका लागि ३०(तीस) राजपत्राङ्कित पदहरुको अस्थायी दरवन्दी सृजना गर्ने ।

१७. रक्षा मन्त्रालय-प्राड आक्टिङ्ग महा सेनानी महेन्द्र जंग शाहलाई प्राड महा सेनानी दर्जामा पदोन्नति गरी पदस्थापन गर्ने ।

१८. रक्षा मन्त्रालय- प्राविधिक आक्टिङ्ग महा सेनानी सुदिप पन्तलाई प्राविधिक महा सेनानी दर्जामा पदोन्नति गरी पदस्थापन गर्ने

१९. रक्षा मन्त्रालय- Hermann Loos Challenge Trophy Camp – 2018 मा नेपाली सेना, राष्ट्रिय सेवा दलका महानिर्देशक व्य.नं. ११५७ मानार्थ उपरथी रमीन्द्र क्षत्रीलाई सहभागी हुन स्वीकृति दिने ।

२०. रक्षा मन्त्रालय — Agreement between the Ministry of Defense of the Government of Nepal and the Ministry of National Defense of the People's Republic of China on China's Provision of Military Assistance Gratis to Nepal स्वीकृत गरी नेपालका तर्फबाट माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यूलाई हस्ताक्षर गर्न स्वीकृति दिने ।

२१. रक्षा मन्त्रालय - नेपाली सेना, वीरेन्द्र अस्पतालका व्य.नं. २३९१ प्राविधिक महा सेनानी डा.रविन्द्र खुजेलीले मिति २०७५/०७/०१ देखि लागू हुने गरी आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत गर्ने । ।

२२. वन तथा वातावरण मन्त्रालय- सुपर न्यादी जलविद्युत आयोजना (४०.२७ मे.वा.) निर्माणको लागि वन क्षेत्र प्रयोग गर्न दिने ।

२३. वन तथा वातावरण मन्त्रालय- माननीय वन तथा वातावरण मन्त्री श्री शक्तिबहादुर बस्नेतबाट Egypt मा हुने High-Level Segment of the UN Biodiversity Conference कार्यक्रममा सहभागिता विषयको वन तथा वातावरण मन्त्रालयको प्रस्ताव फिर्ता गर्ने ।

२४. वन तथा वातावरण मन्त्रालय-होङ्सी शिवम् सिमेण्ट प्रा.लि.लाई चूनढुङ्गा उत्खनन गर्न वन क्षेत्र प्रयोग गर्न दिने ।

२५. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय- ट्युनिसियाको ट्युनिसमा आयोजना हुने 20th Global Child Nutrition Forum (GCNF) मा भाग लिन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव श्री खगराज बराललाई स्वीकृति दिने प्रस्ताव फिर्ता गर्ने ।

२६. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय -गणतन्त्र कोरियाको सियोलमा हुने 2018 Global ICT Leadership Forum मा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री माननीय श्री गिरिराजमणि पोखरेललाई सहभागी हुन स्वीकृति दिने ।

२७. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय —नेपाल सरकारको नाममा रहेको साविक काठमाडौं नगर पञ्चायत वडा नं.१ जमलस्थित कित्ता नंवर १२७० को हाल त्रिभुवन विश्वविद्यालयले भोगचलन गर्दैआएको सात रोपनी १५ आना ३ पैसा ३ दाम जग्गा कला, संस्कृति र परम्परा झल्किने डिजाइनसहितको भवन निर्माण गर्ने गरी नेपाल राष्ट्रिय पुस्तकालयलाई उपलब्ध गराउने ।

२८. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय - शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतका आयोजनाहरुको लागि ०७५ श्रावण १ गतेदेखि २०७६ असार मसान्तसम्मका लागि राजपत्रांकित श्रेणीका ३२ (बत्तीस) अस्थायी पदको दरबन्दी सिर्जना गर्ने ।

२९. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय – चिकित्सा शिक्षा अन्तर्गत स्नातक तह एमबीबीएसका लागि शैक्षिक वर्ष २०७५/७६ मा उपत्यकाभित्र रु ३८ लाख ५० हजार र उपत्यका बाहिर रु ४२ लाख ४५ हजार एवम् बीडीएसतर्फ रु १९ लाख ३२ हजार ६ सय १२ कायम गर्ने र शैक्षिक वर्ष २०७६/७७ का लागि मात्र राष्ट्र बैंकद्वारा प्रकाशित मुद्रा स्फीति दरका आधारमा शुल्क समायोजन गर्ने ।

३०. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय - जनशक्ति प्रक्षेपण तथा मानव संशाधन विकास योजना तर्जुमानिर्देशक समिति, प्राविधिक समिति र कार्यदल गठन गरी उक्त कार्यदलको कार्यदिश समेत स्वीकृत गर्ने ।

३१. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय- श्रम तथा रोजगार कार्यालयहरूको कार्यक्षेत्र निर्धारण गर्ने ।

३२. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय-प्रदेश सरकार अन्तर्ग विनियोजन भएको बजेट संघीय कार्यालयमा ल्याउने ।

३३. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय-नेपाल पर्यटन अध्ययन प्रतिष्ठान सम्बन्धी ऐन तर्जुमाको लागि सैद्धान्तिक स्वीकृति दिने ।

३४. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय-

क) नेपाल र थाईल्याण्ड सरकारका प्रतिनिधिमण्डलबीच थाईल्याण्डको बैंककमामा यही नोभेम्बर २०१८ मा उडान संख्या वृद्धि, मार्ग सारिणी (Route Schedule) पुनरावलोकन, तेस्रो पक्षीय कोड शेयरिङ्ग व्यवस्था, पाँचौ स्वतन्त्रता अधिकार, स्वामित्व, हवाई सेवा सम्झौताको विस्तार एवं आधुनिकीकरण र द्विपक्षीय हितका अन्य विषयमा वार्ता

गर्न नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिवको नेतृत्वमा एक वार्ता टोली गठन गर्ने ।

ख) नेपाली वायुसेवा कम्पनीहरूको हितलाई प्राथमिकता दिएर राष्ट्रिय हितलाई सर्वोपरी राखी नेपाल र थाई सरकारका प्रतिनिधिमण्डल बीच द्विपक्षीय वार्तापश्चात् तय हुने हवाई सेवासँग सम्बन्धी सम्झौता र समझदारीपत्रमा नेपाल सरकारकोतर्फबाट टोली नेताले हस्ताक्षर गर्ने ।

३५. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय-नेपाल नागरिक उड्डयन विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

३६. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - २०७५ कार्तिक १९ देखि २१ (तदनुसार नोभेम्बर ५ देखि ७, २०१८) सम्म संयुक्त अधिराज्यको लण्डनमा हुने World Tourism Mart - २०१८ मा मा. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री रविन्द्र प्रसाद अधिकारीलाई सहभागी हुन स्वीकृति दिने ।

३७. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय — विकास समिति तथा अन्य निकायहरु व्यवस्थापन गर्ने ।

३८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सह सचिव श्री रुद्रसिंह तामाङ को पत्नी जमुना लामालाई Papillary Carcinoma Right Lobe of Thyroid भएकोले उपचार खर्च बापत रू.५,००,०००/- (अक्षरेपी पाँच लाख रुपैयाँ_ थप आर्थिक सहायता दिने ।

३९. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय- सिंचाई विकास डिभिजन, काठमाण्डौमा कार्यरत इञ्जिनियर श्री पुरुषोत्तम खरेल लाई CKD Stage V (मृगौला फेल) भएकोले उपचार खर्च बापत रू.५,००,०००/- (अक्षरेपी पाँच लाख रुपैयाँ) थप आर्थिक सहायता दिने ।

४०. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गत मालपोत कार्यालय, भक्तपुरमा कार्यरत नायव सुव्वा श्री दण्डपाणी अधिकारीको Carcinoma of stomach, post laparotomy, AF, bowel ischemia उपचारको क्रममा निधन भएकोले निजको श्रीमती तारा अधिकारीलाई रू.५,००,०००/- (अक्षरेपी पाँच लाख रुपैयाँ) थप आर्थिक सहायता दिने ।

४१. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -जल तथा मौसम विज्ञान विभाग र विभाग अन्तर्गत रहने ४ वटा जल तथा मौसम विज्ञान कार्यालयहरूको संगठन संरचना र दरवन्दी स्वीकृत गर्ने ।

४२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको संगठन संरचना र दरबन्दी स्वीकृत गर्ने ।

४३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय —राजपत्राङ्कित प्रथम र द्वितीय श्रेणी तथा एघारौं र नवौं तहका पदहरूको पदपूर्तिको कार्यातालिका एक पटकलाई दुई महिना पछि विज्ञापन हुने गरि पुर्नतालिकीकरण गरिदिन श्री लोक सेवा आयोगलाई अनुरोध गर्ने ।

४४. सहरी विकास मन्त्रालय- नेपाल नागरिक उड्डयन प्राधिकरणको सानो ठिमिस्थित जग्गामा अन्तर्राष्ट्रियस्तरको सभाहल निर्माण गर्ने ।

४५. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय—टर्कीको आनटल्यामा हुने कार्यक्रममा माननीय उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रीको सहभागिता विषयको प्रस्ताव फिर्ता गर्ने ।

४६. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय- जिल्ला अनुगमन तथा समन्वय समिति गठन र कार्यदिश स्वीकृत गर्ने ।

४७. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय- खानेपानी तथा ढल व्यवस्थापन विभाग र आयोजना कार्यान्वयन समूहको संगठन संरचना र दरवन्दी स्वीकृत गर्ने ।

४८. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय- सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम ४ को उपनियम (३) सँग सम्बन्धित अनुसूची-६ संशोधन गर्ने ।

४९. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय- नारायणहिटी दरबार संग्रहालय, पुरातत्व विभाग अन्तर्गतका संग्रहालयहरू र स्मारक संरक्षण तथा दरवार हेरचाह अड्डाहरू तथा स्थानीय तह अन्तर्गतका संग्रहालयहरूको संगठन संरचना र दरवन्दी तेरिज स्वीकृत गर्ने ।

५०. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय-

१. पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३ को दफा ९ बमोजिम Damak Clean Industrial Park मार्फत औद्योगिक क्षेत्र (पार्क) को पूर्वाधार निर्माण र सञ्चालनसम्बन्धी परियोजना कार्यान्वयन गर्न वार्ताको माध्यमबाट सोही ऐनको दफा ३ अनुसार निर्माण, सञ्चालन र हस्तान्तरण हुने गरी औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको नाममा रहेको झापा जिल्लाको कमल गाउँपालिकास्थित ८२२ विगाहा जग्गा Damak Clean Industrial Park लाई ३० वर्षको लागि लिजमा उपलब्ध गराउन स्वीकृति दिने ।

२. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७२/१२/१ को निर्णयअनुसार घोषणा भएको प्रदेश नं. १ को झापा जिल्लाको दमक नगरपालिकास्थित औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको नाममा प्राप्त हुन आएको ८२२ विगाहा जग्गा औद्योगिक क्षेत्रको निर्माण र सञ्चालन गर्ने प्रयोजनका लागि ३० वर्ष लिज अवधि कायम हुने गरी र सो अवधि समाप्त भएपछि अर्को सम्झौता भए सोहीबमोजिम हुने वा लिज अवधि थप हुन नसकेको अवस्थामा उक्त औद्योगिक क्षेत्रमा निर्माण भएका सम्पूर्ण भौतिक पूर्वाधारहरू यथा अवस्थामा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई बिना शर्त हस्तान्तरण गर्ने गरी यसअघि औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडसँग सम्झौता गरी १२० विगाहा जग्गा बहालमा लिइसकेको झापाको दमकस्थित पूर्वाधार निर्माणकर्ता कम्पनी Damak Clean Industrial Park लाई लिजमा दिने गरी औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई लिज सम्झौता गर्न सैद्धान्तिक सहमति दिने ।

३. उल्लिखित प्रयोजनका लागि औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले लिने दिने सुविधा, भाडा दर, निर्माणको मापदण्ड, निजी क्षेत्रमार्फत सञ्चालन हुँदा उद्योगहरूबाट लिइने भाडामा नेपाल सरकार र निर्माणकर्ता कम्पनीलाई प्राप्त हुने प्रतिफल, सेवा शुल्क, योजना र लगानीका स्पष्ट आधारहरू तय गरी र अन्य आवश्यक शर्तहरू समेत तोकी प्रचलित कानूनबमोजिम विस्तृत परियोजना प्रतिवेदन तयार गरी औद्योगिक क्षेत्रको जग्गामा औद्योगिक पूर्वाधार निर्माण, सञ्चालन र व्यवस्थापन गरी लिज अवधि समाप्त भएपछि निर्माणकर्ता कम्पनीले औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई निर्मित पूर्वाधारहरू हस्तान्तरण गर्ने मोडालिटि र प्रक्रिया विषयको निर्णय गर्न निर्धारण औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको सञ्चालक समितिलाई अख्तियारी दिने ।

५१. निजामती सेवा ऐन, २०४९ को दफा १८ को उपदफा (२) बमोजिम गठित समितिको सिफारिसमा नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गर्ने –

| क्र. सं. | नाम, थर | साविक पद र कार्यालय | सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १. | श्री दीपेन्द्रनाथ शर्मा | सचिव, सहरी विकास मन्त्रालय | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (अतिरिक्त समूह) |
| २. | डा.रमेशप्रसाद सिंह | कार्यकारी सचिव, नेपाल ट्रष्टको कार्यालय | सचिव, सहरी विकास मन्त्रालय |
| ३. | डा. पुष्पा चौधरी | सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (अतिरिक्त समूह) |

**द्रष्टव्य : निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन ।**